प्रमुख प्रशासकीय अधिकृत

# गैडाकोट नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

## गैडाकोट, नवलपरासी (व.स.पु) गण्डकी प्रदेश, नेपाल

## कवाडी करको सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी १५ दिने सूचना

प्रथम पटक प्रकाशित मितिः २०७७/१०/....१४.....

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम यस कार्यालयको आ.व.०७७/०७८ का लागि कवाडी कर उठाउने कार्य ठेक्का द्वारा सञ्चालन गर्नुपर्ने भएकोले ईच्छुक संघ संस्था वा फर्मबाट तपसिलको शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउ पेश गर्नुहुन सम्वन्धित सबैका लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ ।

### ठेक्का सम्बन्धि शर्तहरु

१) सिलबन्दि दरभाउपत्रको फाराम यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिनसम्म कार्यालय समय भित्र कार्यालयको राजस्व शाखावाट रु १०००। (फिर्ता नहुनेगरि) तिरि खरिद गर्न सकिनेछ । यसका लागि **नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, फर्म दर्ता प्रमाणपत्र तथा नबिकरण सम्बन्धि कागजात, आन्तरिक राजस्व कार्यालय दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व.२०७६/७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि** संलग्न गरि निवेदन दिनुपर्नेछ।

२) राजश्व परामर्श समितिको सिफारिस अनुसार ठेक्काको न्युनतम अंक मू.अ.कर र आग्रिम आए कर बाहेक रु ४०००००।-(चार लाख मात्र) कायम गरिएको छ।

३) कबोल अंक अनुसारको रकम सम्झौताका बखत एकमुष्ठ रुपमा बुझाएमा १०% छुट दिन सकिनेछ।

४) कबोल अंक अनुसारको रकम किस्ताको रुपमा बुझाउन चाहेमा सम्झौताका बखत ५०% ले हुन आउने रकम र बाँकी रकमका लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको २०७७ श्रावण मसान्त सम्म म्याद भएको बैंक ग्यारेण्टी पेश गर्नुपर्नेछ।

५) दरभाउ पत्र फारम सूचना प्रकाशन भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र खरिद गर्न सकिनेछ। १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दाखिला गरि सक्नुपर्नेछ। पर्न आएका दरभाउ पत्र सोहि दिन दिनको २:०० बजे खोलिनेछ।

६) सिलबन्दी दरभाउ पत्रसाथ आँफुले काबुल गरेको अंकको नेपाली नागरिक भए ५%ले हुने रकम र गैह्र नेपाली नागरिक भए १०% ले हुने रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक गैडाकोट शाखामा रहेको बिभाज्य कोष खाता नं ३३५०१००३०६०१०००२ ग-६-१ मा जम्मा गरेको सक्कलै भौचर वा ९० दिनको म्याद भएको बैंक ग्यारेण्टि संलग्न गर्नुपर्नेछ।

७) माथि उल्लेखित न्युनतम अंकमा मु.अ.कर र अन्य करहरु समावेश गरिएको छैन । ठेक्का लिने पक्षले ठेक्का सम्झौताका बखत कबोल अंकको १.५% ले हुने अग्रिम आयकर वापतको रकम एकमुष्ठ रुपमा र हरेक किस्ता रकम बुझाउँदा १३% ले हुने मू.अ.कर वापतको रकम समेत बुझाउनु पर्नेछ।

८) ठेक्का अवधि तीन आर्थिक बर्षको हुनेछ । ठेक्काको नबिकरण प्रत्येक आर्थिक बर्षको बक्यौता भुक्तान गरिसकेपछि अघिल्लो आ.ब. मा कायम गरिएको न्युनतम राजश्वमा १०% थप गरि न्युनतम अंक कायम गरिनेछ । ठेक्का नबिकरण बापत बुझाउनु पर्ने रकम तथा कागजात चालु आ.व. को साउन मसान्त भित्र बुझाएपछी मात्र नबिकरण भएको मानिनेछ ।सम्झैताका शर्त उल्लंघन भएमा कार्यालयले विचैमा ठेक्का तोड्न पनि सक्नेछ । यसरी ठेक्का तोडिएमा सो अवधि सम्म बुझाउनु पर्ने रकमको दायित्वबाट उन्मुक्ति पाईने छैन । सरकारी बाँकी सरह करको रकम असुल उपर गरिनेछ। पछिल्ला २ वर्षको ठेक्का रकम मध्ये आ.ब. सुरु भएको ३० भित्र

सम्झौता अंक बापतको रकम एकमुष्ट बुझाएमा १०% छुट दिईने छ र किस्ताको रुपमा बुझाउन चाहेमा नबिकरणका बखत ५०% ले हुन आउने रकम र बाँकी रकमका लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको आगामी आ.ब. को श्रावण मसान्त सम्म म्याद भएको बैंक ग्यारेण्टी पेश गर्नुपर्नेछ ।

९) बन्द हड्ताल वा अन्य कुनै पनि कारणले राजस्व असुली कार्यमा बाधा उत्पन्न भएमा कार्यालयले क्षतिपुर्ति दिन बाध्य हुने छैन।

१०) ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

१२) अन्य जानकारिको लागि कार्यालय समय भित्र आर्थिक प्रशासन शाखा तथा राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

१३) तल उल्लेखित विषयहरु र सोको लागि तोकिएको दर बमोजिम कवाडी कर उठाउन सकिने छ ।

- यसमा उल्लेखित नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।
- आ.व २०७७/०७८ का लागि कवाडी करका क्षेत्र र दरहरु तल उल्लेख भए बमोजिम हुनेछ । कर संकलन गर्दा अनिवार्य रुपमा यस कार्यालयबाट प्रमाणित गराईएको नगदी रसिदको प्रयोग गर्नुपर्नेछ ।

| क्र.सं. | विषय | इकाई | दररेट ( रु.) | कैफियत |
|---|---|---|---|---|
| १. | ऊन | प्रति KG | ३.०० | |
| २. | जडिबुटी | " | ५.०० | |
| ३. | कवाडी तथा वियर बोतल / कोक / पेप्सी र अन्य सिसा | " | ०.५० | |
| ४. | पुरानो फलाम स्टिल तथा स्क्राप | " | ०.५० | |
| ५. | ट्युब टायर | " | ०.५० | |
| ६. | थोत्रो टिन | " | ०.५० | |
| ७. | पुरानो ड्रम | " | ०.५० | |
| ८. | पुरानो कागज | " | ०.५० | |
| ९. | जुट र पलास्टिक जन्य बस्तु | " | ०.५० | |
| १०. | भुस र चोक्कर | प्रति क्विन्टल | २.०० | |
| ११. | ब्रान | " | ५.०० | |
| १२. | अन्य कवाडी समान | प्रति KG | २.०० | |
| १३. | छाला | प्रति पिस | ५.०० | |
| १४. | जलेको मोबिल | प्रति लिटर | १.०० | |
| १५. | पुरानो पित्तल र तामा | प्रति KG | २.०० | |
| १६. | कम नलाग्ने मेसिनरी औजार | प्रति KG | ०.५० | |
| १७. | काठ | प्रति क्यू. फीट | ५.०० | |
| १८. | दाउरा | प्रति क्विन्टल | ३.०० | |
| १९. | इट्टा | प्रति हजार | २५.०० | |
| २०. | हाड, सिंग, प्वाख | प्रति KG | १.०० | |
| २१. | ढुटो, पिना, चुन्नी अडरी दालको झाप कनिका आदिको बिक्रि मुल्यमा | - | ०.५०% | |
| २२. | फुटेको सिसा | प्रति KG | ०.२५ | |